# बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# नोआ र जलप्रलय

**लेखन** Edward Hughes
**चित्र** Byron Unger; Lazarus
**अनुवाद** B.K. Shrestha
**संयोजन** M. Maillot; Tammy S.

Story 3 of 60

**M1914.org**

**Bible for Children, PO Box 3, Winnipeg MB R3C 2G1 Canada**

अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।



नोआ परमेश्वरको आराधना गर्ने मानिस थिए । अरू सबैले परमेश्वरलाई घृणा र अवज्ञा गर्दथे ।

1



एक दिन परमेश्वरले एउटा अचम्भको कुरा भन्नुभयो । “म यो दुष्ट संसारलाई नाश पार्नेछु,” परमेश्वरले नोआलाई भन्नुभयो । “तेरो परिवारमात्र बचाइनेछ ।”

2



परमेश्वरले आफ्नो प्रतिज्ञा स्मरण गराउने एउटा महान् चिन्ह दिनुभयो ।

परमेश्वरको प्रतिज्ञाको चिन्हचाहिँ इन्द्रेणी थियो ।

19



जलप्रलयपछि नोआ र तिनका परिवारले नयाँ जीवन पाए । केही समयपछि तिनका सन्तानले सारा पृथ्वी ढाकियो । संसारका सबै जातिहरू नोआ र तिनका सन्तानबाट आएका हुन् ।

20

नोआ र जलप्रलय

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

उत्पत्ति ६-१०
मा पाइन्छ

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भनः प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !

नेपाली    Nepali


जलप्रलय आउनेछ र पृथ्वीलाई ढाक्नेछ भनी परमेश्वरले नोआलाई चेताउनी दिनुभयो । "तेरो परिवार र धेरै जनावरहरू अटाउने गरी काठको एउटा ठूलो जहाज बना," नोआलाई आदेश दिइयो । परमेश्वरले नोआलाई ठीकठीक निर्देशनहरू दिनुभयो । अनि नोआ त्यही काममा व्यस्त भए !
3


नोआले त्यो जहाज बनाउनुको कारण व्याख्या गर्दा मानिसहरूले खिसी गरे होलान् । तर नोआले बनाउन छोडेनन् । तिनले मानिसहरूलाई परमेश्वरको बारेमा पनि बताइरहे तर कसैले पनि सुनेन ।
4


नोआको विश्वास अति ठूलो थियो । पहिला कहिल्यै पानी नपरेको भए पनि तिनले परमेश्वरमाथि विश्वास गरे । छिट्टै नै जहाज सरसामान राख्नको निम्ति तयार भयो ।
5


अब जनावरहरू भित्र आए । परमेश्वरले कुनै जातिका सातवटा त कुनैका दुईवटा जनावर भित्र ल्याउनुभयो । ठूला र साना चराहरू, होचा र अग्ला जनावरहरू त्यो जहाजभित्र आए ।
6


नोआले जनावरहरूलाई जहाजभित्र राख्दा मानिसहरूले चर्को स्वरमा तिनको निन्दा गरे होलान् । तिनीहरूले परमेश्वरविरुद्ध पाप गर्न छोडेनन् । तिनीहरू जहाजभित्र आउन मानेनन् ।
7


अन्त्यमा सबै जनावरहरू र चराहरू जहाजभित्र आए । "जहाजभित्र आऊ," परमेश्वरले नोआलाई बोलाउनुभयो । "तिमी र तिम्रा परिवार ।"
8


नोआ, तिनकी श्रीमती, तिनका तीनजना छोराहरू र तिनीहरूका श्रीमतीहरू जहाजभित्र आए । त्यसपछि परमेश्वरले जहाजको ढोका थुनिदिनुभयो !
9


त्यसपछि पानी पर्‍यो । पृथ्वीमा चालीस दिन र चालीस रात मुसलधारे पानी वर्षियो ।
10


सहर र गाउँहरू डुबे । पानी रोकिँदा पहाडहरूसमेत डुबेका थिए । स्वास फेर्ने हरेक जीव मर्‍यो ।
11


पानी बढ्दै जाँदा जहाज तैरियो । भित्र अँध्यारो थियो होला, जहाज हल्लियो होला र डरलाग्दो अवस्था आयो होला । तर त्यो जहाजले नोआलाई जलप्रलयदेखि जोगायो ।
12


पाँच महिनासम्म बाढी आएपछि परमेश्वरले सुक्खा बनाउने बतास पठाइदिनुभयो । बिस्तारै त्यो जहाज आरारात पहाडमाथि अडियो । नोआ पानीको सतह नघटेसम्म अझै चालीस दिन जहाजभित्रै बसे ।
13


नोआले एउटा काग र एउटा ढुकुरलाई जहाजको झ्यालबाट बाहिर पठाए । बस्नको लागि सुक्खा सफा ठाउँ नपाएर ढुकुर नोआकहाँ फर्केर आयो ।
14


एक हप्तापछि नोआले फेरि ढुकुरलाई पठाए । चुच्चोमा जैतुनको मुना लिएर ढुकुर फर्किआयो । अर्को हप्ता ढुकुर फर्केर आएन, त्यसैले पृथ्वी सुक्खा भएको कुरा नोआले थाहा पाए ।
15


अब जहाजबाट बाहिर निस्कने बेला भएको थियो भनी परमेश्वरले नोआलाई भन्नुभयो । नोआ र तिनका परिवारले मिलेर जनावरहरूलाई बाहिर निकाले ।
16


नोआ कति धन्यवादी भए होलान् ! तिनले एउटा वेदी बनाए र परमेश्वरको आराधना गरे जसले भयानक जलप्रलयबाट तिनी र तिनका परिवारलाई बचाउनुभएको थियो ।
17


परमेश्वरले नोआसँग एउटा आश्चर्यजनक प्रतिज्ञा गर्नुभयो ।
उहाँले मानिसको पापको न्याय गर्न फेरि कहिल्यै जलप्रलय पठाउनुहुनेथिएन ।
18